श्री सूचना प्रशासन
प्रकाशन गर्नुहुन
२०८२।१२।०५

# खडक नगरपालिका

## स्थानीय राजपत्र

## खडक नगरपालिकाको
## नगर युवा परिषद् संचालन कार्यविधि, २०८२

खण्डः९ संख्याः११ कार्यपालिका बाट पारित मितिः२०८२/१२/०३

प्रमाणिकरण मितिः२०८२/१२/०५

## प्रस्तावना

खडक नगरपालिकाको युवाहरुको हक हितको संरक्षण र प्रवर्द्धन गर्दै उनीहरुको सशक्तीकरण एवं समग्र विकासका साथै शिक्षा, सीप, उद्यमशलिताका माध्यमबाट स्वास्थ, अनुशासित र स्वरोजगार युवाहरुको विकास गर्न तथा स्थानीय स्रोत र साधनको अधिकतम उपयोगबाट समुन्नत नगरपालिका निर्माणका लागि नीति निर्माणदेखि कार्यान्वयन तहसम्म युवाहरुको सार्थक सहभागिता जुटाई सबै वर्ग, तह र समुदायक युवाहरुलाई नगर विकासको मुलप्रवाहमा समाहित गर्न कार्यविधि बनाई कार्यन्वयन गर्न बाञ्छनीय गर्न भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग खडक नगरपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नामर प्रारम्भः-

१) यस कार्यविधिको नाम "खडक नगरपालिकाको नगर युवा परिषद् संचालन कार्यविधि, २०८२" रहेको छ ।

२) योकार्यविधि प्रमाणीकरण भएको दिनदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा कार्यविधिमाः

क) "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्ष सम्झनु पर्छ ।

ख) "उपाध्यक्ष" भन्नाले परिषदको उपाध्यक्ष सम्झनु पर्छ ।

ग) "तोकिएको"वा "तोकिए बमोजिम" भन्नाले कार्यविधि अधिनमा रहि कार्यापालिका वा नगर सभाबाट तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

घ) "परिषद् भन्नाले यस कार्यबिधिको दफा ५ बमोजिम स्थापना भएको नगर युवा परिषद सम्झनुपर्छ ।

ङ) "युवा" भन्नाले १६ वर्षदेखि ४० वर्षसम्मको उमेर भएकोव्यक्ति सम्झनुपर्छ ।

च) "विशेष समुदायको युवा" भन्नाले द्वन्द्वडित, पिजोखिममापरेका,दलित, जनजाति, गरिबीको रेखामुनीरहेका, अपाङ्गता भएका वा सिमान्तकृत तथा अल्पसङ्खयक समुदायका युवा सम्झनुपर्छ ।

छ) "सदस्य" भन्नाले नगर युवा परिषदका पदाधिकारी, सदस्य र सदस्य सचिब समेतलाई जनाउँछ ।

ज) "नगर" भन्नाले खडक "नगरपालिका" र खडक नगरपालिकालाई जनाउँछ ।

झ) "क्लब" भन्नाले यस कार्यबिधिको दफा ११ बमोजिम टोल र वडामा गठन हुने हरुकोयुवा क्लबलाई जनाउँछ ।

## परिच्छेद-२
## परिषदको स्थापना

३. परिषदको स्थापनाः-

(१) प्रस्तावनामा उल्लेखित कार्यहरु समेतका लागि नगरपालिकामा नगर युवा परिषद स्थापना गरिनेछ ।

(२) नगर युवा परिषदको कार्यालय खडक नगरपालिका वा नगरपालिकाले तोकेको मा स्थान रहनेछ ।

इन्द्र कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

३) परिषदले नगरपालिकाको स्वीकृति लिई नगरका अन्य स्थानमा पनि आफ्नो सम्पर्क कार्यालय संचालन गर्न सक्नेछ ।

४. परिषद स्वशासित र संगठित संस्था हुने :

(१) परिषद एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ ।

(२) परिषदको काम कारवाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) परिषदले व्यक्ति सरह चल अचल सम्पत्ति आर्जन गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किमिसले व्यवस्थापन गर्न सक्नेछ । तर परिषदले चल अचल सम्पत्ति बेचबिखन गर्नु अघि अनिवार्य रुपमा नगरपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(४) परिषदले व्यक्ति सरह आफ्नो नामबाट उजुर गर्न सक्नेछ र परिषद उपर पनि सोही नामबाट उजुर लाग्न सक्नेछ ।

(५) परिषदले व्यक्ति सरह करार गर्न, करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ ।

## परिच्छेद-३
## परिषदको गठन र काम, कर्तव्य

५. परिषदको गठन:-

(१) नगर युवा परिषद गठन देहायबमाजिम हुनेछः

| | |
|---|---|
| क) नगर प्रमुख- | अध्यक्ष |
| ख) नगरपालिकाले मनोनयन गरेको एक जना युवा- | उपाध्यक्ष |
| ग) युवा विकासको क्षेत्रमा योगदान गरेका मध्ये परिषदले मनोनित गरेका एक जना महिला सहित दुई जना युवा- | सदस्य |
| घ) वडास्तरीय युवा क्लबबाट परिषदले मनोनित गरेको एक जना महिला समेत दुई जना- | सदस्य |
| ङ) विशेष समुदायबाट परिषदले मनोनित गरेको एक जना महिला समेत दुई जना- | सदस्य |
| च) प्रमुख,- शिक्षा, युवा तथा खेलकुद शाखा | सदस्य |
| छ) प्रमुख, स्वास्थ्य शाखा - | सदस्य |
| ज) प्रमुख, नगर प्रहरी/बारुणयन्त्र उपशाखा - | सदस्य |
| झ) प्रमुख,- सामाजिक विकास शाखा | सदस्य सचिव |

(२) मनोनित सदस्यहरुको पदावधि तीन वर्षकोहुनेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको नभएता कुनै मनोनित सदस्यले आफ्नोपदीय जिम्मेवारी पुरा नगर मा नगरपालिकाले निजलाई जुनसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ ।

(४) उपनियम (३) बमोजिम मनोनित सदस्यलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

(५) दफा (५) को उपदफा (१) को खण्ड (ख) बमोजिमको उपाध्यक्ष पदका लागि युवाको हक हितको संरक्षण, सम्वर्द्धन वा युवा विकास र परिचालनको क्षेत्रमा कम्तीमा दुई वर्ष काम गरेको प्रतिष्ठित युवामध्येबाट मनोनयन गर्नु पर्नेछ ।

(६) मनोनित सदस्यको शैक्षिक योग्यता मान्यता प्राप्तशिक्षण संस्थाबाट कम्तिमा आधारभूत शिक्षा उत्तिर्ण भएको हुनुपर्नेछ ।

...न्द्र कुमार श्रेष्ठ
...प्रशासकीय अधिकृत

६. परिषदको काम, कर्तव्य र अधिकार:

यस कार्यविधिमा अन्यत्र उल्लेखित काम, कर्तव्यर अधिकारको अतिरिक्त परिषदको काम, कर्तव्यर अधिकार देहाय बमोजिम हुनेछ ।

(क) युवा सम्बन्धी नगर को दीर्घकालिन नीति तर्जुमा गरी नगरपालिका समक्ष सिफारिस गर्ने,

(ख) नगरपालिकाबाट स्वीकृत नीतिको अधिनमा रही युवा सम्बन्धी वार्षिक योजना तथा कार्यक्रम बनाई नगरपालिकामा पेश गर्ने ।

(ग) परिषदसँग आवद्धता प्राप्त गर्ने संघ हरुले संस्था पालना गर्नु पर्ने शर्तहरु निर्धारण गर्ने

(घ) विकास निर्माण तथा समाज सेवाको क्षेत्रमा युवास्वयंसेवकको रुपमा परिचालन गर्ने सम्बन्धमा आवश्यक नीति निर्धारण गर्ने,

(ङ) युवालाई नगर तथा राष्ट्र निर्माणमा सहभागी हुन उत्प्रेरित गर्ने,

(च) परिषदको वार्षिक योजना कार्यक्रमका तथा बजेट प्रस्ताव गरी नगरपालिकामा पेश गर्ने ।

(छ) युवा विकास, सशक्तीकरण एवं मूलप्रवाहीकरण सम्बन्धी विषयमा संघीय सरकार,प्रदेश सरकार र नगरपालिकालाई राय सुझाव दिने।

(ज) नगर स्तरमा युवा जागरण, सशक्तिकरण र परिचालनका कार्यक्रमहरु संचालनगर्ने ।

(झ) नगर स्तरमा युवामा विशेष सिप उद्यमशिलतिर तथा नेतृत्व विकास सम्बन्धि कार्यहरु गर्ने।

(ञ) युवाका क्षेत्रमा काम गर्न राष्ट्रिय युवा परिषद र प्रदेश युवा परिषदसँग समन्वय तथा सहकार्य गर्ने ।

(ट) परिषदको लागि आवश्यक कर्मचारीको दरबन्दी संख्या निर्धारण गरि प्रस्ताव गर्ने ।

(ठ) युवाका क्षेत्रमा संघ, प्रदेश तथा अन्य पालिका तहसँग समन्वय, सहकार्य र आवश्यकता अनुसार सहजीकरण गर्ने ।

(ड) युवाहरु बिच नव प्रवर्तन तथा विशेष क्षमता अभिबृद्धिका कार्यहरु गर्ने ।

(ढ) नगरमा रहेका बाल क्लव, बाल संजाल तथा अन्य संघ संस्थासँग समन्वय र सहकार्य गरि सामाजिक बिकृति तथा कुप्रथा अन्त्य गर्न पहल गर्ने ।

(ण) नगरलाई बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा तथा कार्यान्वयनका लागि आवश्यक क्रियाकलापहरु संचालन गर्ने ।

(त) बालबालिका, असाहाय तथा अपाङ्गता भएका व्यक्तिहरु र महिलाहरुका हितमा कार्यहरु गर्ने

(थ) तोकिएका अन्य कार्यहरु गर्ने ।

७. परिषदको बैठक निर्णय:

(१) परिषदको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ । तर दुई बैठक बीचको अन्तर सामान्यत तीन महिनाभन्दा बढी हुने छैन ।

(२) परिषदको बैठक अध्यक्षको निर्देशनमा सदस्य सचिवले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) परिषदको बैठक हुनुभन्दा कम्तीमा चौविस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना परिषद्का सदस्य-सचिवले सदस्यहरुलाई दिनु पर्नेछ।

(४) परिषदमा तत्काल कायम रहेका कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा परिषदको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) परिषदको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ ।

(६) परिषदको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) परिषदको बैठकको निर्णय सदस्य सचिवले प्रमाणित छुट्टै गरी किताबमा राख्नुपर्ने।

(८) कुनै विशेषज्ञ वा पदाधिकारीलाई परिषदको बैठकमा पर्यवेक्षनकको रुपमा भाग लिन आमन्त्रण गर्न सकिनेछ ।

(९) परिषदको बैठक सम्बन्धी अन्य कार्यविधि परिषद आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

हरेन्द्र कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद-४

## कार्यकारी समिति गठन तथा काम, कर्तव्य र अधिकार

८. कार्यकारी समितिको गठन:

(१) परिषदको कार्यकारी निकायको रुपमाएक कार्यकारी समिति रहने छ ।

(२) कार्यकारीसमितिको गठन देहाय बमोजिम हुनेछ:

| | | |
|---|---|---|
| क) परिषदको उपाध्यक्ष | - | अध्यक्ष |
| ख) अध्यक्षले तोकेको नगरको युवा सम्बन्धी कार्यक्रम हेर्ने कर्मचारी | - | सदस्य |
| ग) परिषदका सदस्यहरु मध्येबाट कम्तीमा एकजना महिला रहने गरी परिषदले मनोनितगरेका दुइजना | - | सदस्य |
| घ) नगरपालिकाले तोकेको वरिष्ठतम कर्मचारी | - | सदस्य सचिव |

(३) उपनियम (२) को खण्ड( ग) बमोजिमको सदस्यको पदावधि परिषदको सदस्य कायम रहेसम्मको अवधिका लागि हुनेछ ।

९. कार्यकारी समितिकौ बैठक र निर्णय:

(१) कार्यकारी समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) उपाध्यक्षले तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्नेछ ।

(३) उपनियम (२) मा जुनसुकैरा कुलेखिएको भए तापनि उपाध्यक्षको अनुपस्थितिमा सदस्य - सचिवले समितिका सदस्यहरुसँग परामर्श गरी तोकेको मति, समय र स्थानमा समितिको बैठक बस्न सक्नेछ ।

(४) कार्यकारी समितिको बैठक हुनुभन्दा कम्तीमा चौबीस घण्टा अगावै बैठकमा छलफल हुने विषय कार्यसूची सहितको सूचना सदस्य सचिवले समितिका सदस्यहरुलाई दिनेछ ।

(५) कार्यकारी समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा सदस्यहरु बढी उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(६) कार्यकारी समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले र निजको अनुपस्थितिमा समितिक सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(७) कार्यकारी समितिको बैठकमा बहुमतको राय मान्य हुनेछमतबराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(८) कार्यकारी समितिको बैठकको निणय सदस्य सचिवले प्रमाणित गरी राख्नुछ पर्ने।

(९) कार्यकारी समितिले आवश्यक ठानेमा समितिको कामसँग सम्बन्धित कुनै विशेषज्ञ व पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(१०) कार्यकारी समितिको बैठक सम्वन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१०. कार्यकारी समितिको काम, कर्तव्य र अधिकार:

यस कार्यविधिमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) परिषदको वार्षिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा गरी स्वीकृतिको परिषद समक्ष पेश गर्ने।

(ख) परिषदबाट स्वीकृत नीति र मार्गदर्शन को अधिनमा रही युवा बिकास, परिचालन तथा युवा सशक्तिकरण सम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने, गराउने ।

(ग) युवा सम्वन्धि विभिन्न निकायद्वारा सञ्चालित कार्यक्रमको समन्वय गर्ने ।

(घ) युवालाई विकासको मुल प्रवाहमा परिचालन गर्न अभियान मुलक कार्यक्रम संचालन गर्ने ।

(ङ) युवा सम्वन्धि सूचनाको व्यवस्थापन गर्ने तथा एकीकृत तथ्याङ्क तयार गर्ने

(च) परिषदको मातहतमा रहि दैनिक कार्य संचालन गर्ने ।

हरेन्द्र कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

(छ) परिषदको निर्देशन बमोजिमका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद-५
## युवा क्लब गठन तथा काम, कर्तव्य र अधिकार

११. युवा क्लबको गठन

(१) नगरपालिका क्षेत्रका टोल/समुदाय स्तरमा युवा क्लब गठन गरिनेछ ।

(२) सम्बन्धित टोल/समुदायस्तरमा युवाहरुको भेलाले अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र कोषध्यक्ष १/१ जना तथा ४ देखि ६ जना सम्म सदस्य रहने गरी युवा क्लबको कार्य समिति गठन गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको कार्य समितिको सदस्य हुन देहायको योग्यता पुगेको हुनुपर्ने

क) सम्वन्धित टोल समुदायमा बसोवास गरेको ।

ख) उमेर १६ वर्ष पुरा भई२४ वर्ष ननाघेको ।

(४) उपदफा (३) बमोजिम गठन भएको युवा क्लबको कार्य समितिले नगरपालिकाको कार्यालयमा दर्ता/सूचीकृत वा आबद्धताको लागि निवेदन दिनुपर्नेछ ।

(५) नगरपालिकाको कार्यालयमा दर्ताका लागि युवाक्लवहरुवाट उपदफा (४) बमोजिम निवेदन प्राप्त भएमा सुचिकृत आबद्धता वा दर्ता गरी प्रमाण-पत्र दिनुपर्नेछ।

(६) युवा क्लवले सम्वन्धित वडाको जनप्रतिनिधि समावेश गरी बढीमा ५ जनासम्म रहेको सल्लाहकार समितिको गठन गर्न सक्नेछ ।

(७) अन्य निकायमा दर्ता भएका युवा क्लबहरुले नगरपालिकामा सूचिकृत वा आवद्धता प्रमाण पत्र प्राप्त गरेर मात्र आफ्ना कार्यक्रमहरु संचालन गर्न सक्ने छन्

(८) युवा क्लबले संचालन गरेका कार्यक्रमहरु तथा अन्य काम कुरामा सम्वन्धित वडा समितिका कार्यालयले रेखदेख, अनुगमन तथा मार्गदर्शन गर्न सक्नेछ ।

(९) उपदफा (८) बमोजिम वडा समितिले दिएको निर्देशन र सुझाव पालना गर्नु वडा क्लब कर्तव्य हुनेछ ।

(१०) युवा क्लबमा एकै टोल समुदायमा बसोवास रहेका कम्तिमा ५० जना युवा साधारण सदस्य रहेको हुनु पर्नेछ ।

१२. युवा क्लबको काम, कर्तव्य र अधिकार:

(१) युवाको नेतृत्व तथा क्षमता विकास र परिचालनमा सहजीकरण गर्ने ।

(२) परिषदसँग समन्वय र सहकार्य गरी युवा विकासका योजना कार्यक्रम निर्माण गर्ने ।

(३) नगर तथा वडा स्तरमा सञ्चालन हुने सरसफाइ, वातावरण संरक्षण, युवा अधिकार, बालअधिकार, मानव अधिकार तथा महिला अधिकारका क्षेत्रमा सचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने ।

(४) लागुऔषध विरुद्धका अभियान, सामाजिक अन्ध विश्वा र कुरीति विरुद्धका सचेतना अभियानहरुमा सक्रियता पूर्वक सहभागी हुने तथा कार्यक्रम सञ्चालन गर्ने ।

(५) प्राकृतिक तथा अन्य प्रकोप व्यवस्थापन तथा बिपदका बेला विपद पूर्व तयारी तथा राहत उद्धार कार्यमा वडासमिति, परिषद तथा नगरपालिकासँगको समन्वय र सहकार्यमा स्थानीय युवा परिचालन गरी स्वयंसेवकीय भूमिका निर्वाह गर्ने

(६) राष्ट्रिय युवा परिषद प्रदेश युवा परिषद नगर युवा परिषद र मातहतका निकायहरु मार्फत स्थानीय स्तरमा सञ्चालन हुने युवा लक्षित कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने ।

(७) प्रत्येक युवा क्लबले युवाको सहभागितामा वडा समितिको समन्वय र सहकार्यमा कम्तीमा उद्यम तथा एक अतिरिक्त क्रियाकलापको नेतृत्व र व्यवस्थापन गर्ने ,

(८) वडा स्तरमा युवाको तथ्याङ्क संकलन र व्यावस्थापन गर्ने कार्यमा सहयोग गर्ने ।

(९) परिषद तथा वडा युवा सजालले निर्देशन गरे बमोजिमका अन्य कार्य गने

हरेन्द्र कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

१३. युवाक्लवको बैठक सम्बन्धी व्यवस्था :

(१) युवा क्लवको बैठकको अध्यक्षता कार्यसमितिको अध्यक्षले गर्नेछ ।

(२) कुल पदाधिकारी संख्याको पचास प्रतिशत भन्दाबढी सदस्य उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) बैठक महिनामा १ पटक अनिवार्य बस्नुपर्नेछ । आवश्यक परेमा अध्यक्षले सचिवसँग परामर्श बैठक बोलाउन सक्नेछ ।

(४) बैठकमा भएका छलफल र निर्णय छुट्टै निर्णय पुस्तिका खडा गरी अध्यक्षले प्रमाणित गरी अभिलेख राख्नुपर्नेछ ।

(५) बैठक सम्बन्धी अन्य व्यवस्था युवा क्लब आफैंले निर्धारण गर्नेछ ।

## परिच्छेद- ६
## युवा सञ्जाल सम्बन्धी

१४. वडा युवा सञ्जाल सम्बन्धि व्यवस्था :

(१) वडाभित्र क्रियाशील रहेका टोल समुदायस्तरका युवा क्लवका प्रतिनिधि रहेको छुट्टै वडास्तरीय युवा सञ्जाल गठन गरिनेछ ।

(२) वडास्तरीय युवा सञ्जालमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्ष १/१ जना र ६ देखि १० जनासम्म सदस्य रहनेछन ।

(३) वडास्तरीय युवा सञ्जालको संरक्षक वडा अध्यक्ष हुनेछ ।

(४) आमन्त्रित गरिएको वखत युवा सञ्जालको बैठकमा उपस्थित हुनु वडाका जनप्रतिनिधिहरुको कर्तव्य हुनेछ ।

(५) वडा युवा सञ्जालको काम,कारवाही संचालन तथा बैठक व्यवस्थापन गर्नको लागि आवश्यक पर्ने फर्निचर, मसलन्द लगायतको व्यवस्था सम्बन्धित वडा कार्यालयबाट मिलाईदिनु पर्नेछ

(६) वडा युवा सञ्जालको बैठक सम्बन्धी व्यवस्था यस कार्यविधिको दफा(१३) मा उल्लेखित युवा क्लबको बैठक सम्बन्धी व्यवस्था बमोजिम नै हुनेछ ।

(७) वडास्तरीय युवा सञ्जालको काम, कर्तव्य र अधिकार यस कार्यविधिको दफा १२ मा उल्लेखि युवाक्लबको काम, कर्तव्य र अधिकार वमोजिम नै हुनेछ । यस बाहेक सञ्जालले युवा देहायका थप कार्यहरु समेत सम्पादन गर्नुपर्नेछ ।

(क) वडा भित्र रहेका युवा क्लबहरु बिच सम्पर्क समन्वय र अनुगमन गर्ने ।

(ख) सम्पर्क र अनुगमनका क्रममा देखिएका समस्याहरु बैठकमा छलफल गरी वडाका जनप्रतिनिधि समेतको समन्वयमा समाधान गर्ने प्रयत्न गर्ने ।

(ग) वडास्तरमा संचालन हुने युवा सम्बन्धि अन्य कार्यक्रमहरुमा सक्रियता पूर्वक सहभागी हुने ।

(घ) नगर स्तरीय युवा सञ्जाल सँग निकट सम्पर्कमा रहने र नगर युवा सञ्जालको निर्देशन वमोजिमका कार्यहरु सम्पादन गर्ने ।

(ङ) टोल समुदायस्तरमा युवा क्लवहरुको गठन र संचालन गर्न आवश्यक सहजीकरण र सहयोग गर्ने ।

(च) वडा युवा सञ्जालको नगरपालिकामा आवद्धता दर्ताको लागि आवश्यक कागजात सहित निवेदन दिई प्रमाण पत्र लिने ।

(छ) नगरपालिकाले संचालन गरेको बालमैत्री स्थानिय शासनयुक्त नगर घोषणाको अभियान तथा सोको कार्यान्वयनमा सक्रिय रुपले सहभागि हुने ।

(ज) नगरपालिकाले संचालन गरेका अभियानमुलक अन्य कार्यक्रमहरुमा नगरपालिका र वडा कार्यालयबाट आमन्त्रण गरिएको अवस्थामा सहभागि हुने ।

हरेन्द्र कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

१५. नगर स्तरीय युवा सञ्जालको गठन :

(१) वडा युवासञ्जालका प्रतिनिधि समेत संलग्न हुने गरी एक नगर युवा सञ्जाल गठन गरिनेछ ।

(२) नगर युवा संजालमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्ष १/१जना र १० जना सदस्य रहनेछन ।

(३) नगर युवा सञ्जालको गठन समावेशी आधारमा गरिनेछ ।

(४) नगर युवा सञ्जालको संरक्षकत्व नगर प्रमुखमा निहीत रहनेछ । युवा सञ्जालले बढीमा ७ जना रहने गरी सल्लाहकार समिति गठन गर्न सक्नेछ ।

(५) नगरपालिकाका प्रमुख, उप प्रमुख वा कार्यपालिका सदस्यलाई नगरयुवा सञ्जालले बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(६) नगर युवा सञ्जालको कार्यालय संचालन तथा बैठक व्यवस्थापन सम्बन्धी कार्यको लागि आवश्यक पर्ने फर्निचर तथा मसलन्द सामानको व्यवस्था नगरपालिकाले मिलाउनु पर्नेछ ।

१६ नगर स्तरीय युवा संजालको काम, कर्तव्य र अधिकार:

(१) युवाको नेतृत्व तथा क्षमता विकास र परिचालनमा सहजीकरण गर्ने ।

(२) परिषदसँग समन्वय र सहकार्य गरी युवा विकासका योजना र कार्यक्रम निर्माण गर्ने ।

(३) नगर स्तरमा सञ्चालन हुने सरसफाइ, वातावरण संरक्षण, युवाअधिकार, बालअधिकार, मानव अधिकार तथा महिला अधिकारका क्षेत्रमा सचेतना मुलक कार्यक्रम सञ्चालन गर्ने ।

(४) लागुऔषध विरुद्धका अभियान, सामाजिक अन्धविश्वास र कुरीति विरुद्धका सचेतना अभियानहरुमा सक्रियतापूर्वक सहभागी हुने तथा कार्यक्रम सञ्चालन गर्ने ।

(५) प्राकृतिक तथा अन्य प्रकोप व्यवस्थापन विपदका तथा बेला विपद पूर्व तयारी तथा राहत र उद्धार कार्यमा वडासमिति, परिषद तथा नगरपालिकासँगको समन्वय सहकार्यमा स्थानीय युवा परिचालन गरी स्वयंसेवकीय भूमिका निर्वाह गर्ने ।

(६) राष्ट्रिय युवा परिषद प्रदेश युवा ,परिषद नगर युवापरिषद र मातहतका निकायहरु मार्फत स्थानीय स्तरमा सञ्चालन हुने युवालक्षित कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने ।

(७) नगर स्तरमा युवाको तथ्याङ्क संकलन र व्यावस्थापन गर्ने कार्यमा सहयोग गर्ने ।

(८) नगरपालिकाले संचालन गरेको बालमैत्री स्थानिय शासनयुक्त नगर घोषणाको अभियान सोको कार्यान्वयनमा सक्रिय रुपले सहभागि हुने ।

(९) नगरपालिकाले संचालन गरेका अभियानमुलक अन्य कार्यक्रमहरुमा नगरपालिका र वडा कार्यालयबाट आमन्त्रण गरिएको अवस्थामा सहभागि हुने ।

(१०) परिषदले निर्देशन गरे बमोजिमका अन्य कार्य गर्ने

१७. युवा क्लब र युवा सञ्जालको कार्यकाल

(१) टोल समुदाय स्तरमा गठन भएका युवाक्लब तथा वडा र नगरस्तरमा गठन भएका युवा सञ्जालको कार्यकाल गठन भएका मितिले एक वर्षको हुनेछ ।

(२) कार्यकाल समाप्त भएको १५ दिन भित्र युवा भेलाले क्लब गठन गरी यस कार्यविधिको दफा १ बमोजिमको प्रक्रिया पूरा गरी वडा कार्यालयमा सूचिकृत/आबद्धताको लागि निवेदन दिनुपर्नेछ।

हरेन्द्र कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद ६
## परिषदसँग आबद्धता र कार्यक्रम सञ्चालन

१८. युवा सम्बन्धी संघ, संस्थालाई आवद्धता प्रदान गर्ने:

(१) युवाको हक, हितको संरक्षण र विकास गर्ने उद्देश्य राखी प्रचलित कानून बमोजिम दर्ता नगरपालिका क्षेत्रभित्रका र नगरभित्र काम गर्न चाहने संघ संस्था परिषदमा अनिवार्य आबद्ध हुनुपर्नेछ ।

(२) आबद्धताका लागि अनुसूची १ बमोजिमको ढाँचामा तोकिएको विवरण भरी तोकिएका कागजात संलग्न राखी परिषद समक्ष निवेदन दिनुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम निवेदन दिने संघ संस्थालाई आवद्धता प्रदान गर्न उपयुक्त देखि कार्यकारी समितिले रु. ५००।- दस्तुर लिई अनुसूची २ बमोजिमको आबद्धता ढाँचामा प्रदान गर्न सक्नेछ ।

(४) उपनियम (३) बमोजिम आबद्ध भएका संघ संस्थाले प्रत्येक १ वर्षमा रु.२००। - दस्तुर बुझाई नविकरण गर्नु पर्नेछ ।

(५) उपनियम (३) बमोजिम परिषदसँग आबद्ध भएका संघ संस्थाबाट कार्यान्वयन भएका कार्यक्रमहरुको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र परिषद समक्ष पेश गर्नु पर्नेछ ।

(६) प्रचलित कानून विपरित कार्य गरेको पाइएमा,लगातार दुई आर्थिक वर्ष सम्म आबद्धता नविकरण नगरेमा र प्रतिवेदन नबुझाएमा र उद्देश्य बमोजिम कार्य नगरेमा संघ संस्थाको आबद्धता रद्द गर्न सकिनेछ ।

(७) नगरपालिका भित्र युवा सम्बन्धी कार्य गर्ने वा गर्न नचाहेमा कुनै संघ संस्थाले कुनै निकाय कुनै प्रकारको आर्थिक सहयोग प्राप्त गर्न वा दिन चाहेमा परिषदको पुर्व स्वीकृति लिनुपर्नेछ ।

१९. कार्यक्रम सञ्चालन गर्न सक्ने:

(१) दफा १८ बमोजिम परिषदसँग आवद्ध भएका युवाक्लब वा संघ, संस्थाले आफनो विधानको अधिनमा रही बेरोजगार युवालाई सीपमूलक वा स्वरोजगार सम्बन्धी तालिम प्रदान गर्न वा सशक्तीकरण गर्न, पिछडिएको समुदाय वा वर्गका युवाको हक, हितको संरक्षण गर्न खेलकुद लगायत विभिन्न कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद-७
## उपाध्यक्ष तथा कर्मचारीसम्बन्धी व्यवस्था:

२०. उपाध्यक्ष सम्बन्धी व्यवस्था :

(१) नगर युवा परिषदको कार्यकारी प्रमुखको रुपमा काम परिषदको गर्न उपाध्यक्षलाई जिम्मेवारी प्रधान गरिनेछ ।

(२) उपाध्यक्षले नगर कार्यपालिकाले तोकेबमोजिमको पारिश्रमिक र सुविधा पाउनेछ ।

(३) उपाध्यक्षको पदावधि (४) वर्षको हुनेछ ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए पनि उपाध्यक्षले आफ्नो पद अनुरुपको आचरण नगरेमा,जिम्मेवारी पुरा नगरेमा वा परिषदलाई हानी नोक्सानी पुऱ्याएमा नगर कार्यपालिकाले निजलाई जुनसुकै बखत उपाध्यक्षको पदबाट हटाउन सक्नेछ ।

(५) उपनियम (४) बमोजिम उपाध्यक्षलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।



हरेन्द्र कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

२१. उपाध्यक्षको काम, कर्तव्य र अधिकार:

यस,कार्यविधिमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) परिषदबाट स्वीकृत नीति, योजना र कार्यक्रम कार्यान्वयन गर्ने, गराउने ।

(ख) परिषदको वार्षिक कार्यक्रम, योजना तथा बजेट तयार गरी परिषद समक्ष पेश गर्ने,

(ग) परिषद तथा समितिको निर्णय कार्यान्वयन गर्न गराउने,

(घ) परिषदबाट सञ्चालित योजना ता कार्यक्रमको अनुगमन गर्ने, गराउने,

(ङ) परिषदको कर्मचारी व्यवस्थापन तथा अन्य वस्थापकीयव्य कार्य गर्ने,

(च) तोकिए बमोजिमका अन्य काम गर्ने ।

२२. कर्मचारी सम्बन्धी व्यवस्था:

(१) परिषदको कार्यसञ्चालन गर्नपरिषदले सिफारिस गरी नगरपालिकाले स्वीकृतगरे बमोजिमका संगठन संरचना र कर्मचारीको दरबन्दी रहनेछ।

(२) उपनियम (१) बमोजिमका कर्मचारी नियुक्त भएसम्मको लागि नगरपालिकाले कुनै कर्मचारीलाई परिषदमा काम गर्ने गरी खटाउन सक्नेछ ।

परिच्छेद-८

## परिषदको कोषसम्बन्धी व्यवस्था

२३. परिषदको कोष:

(१) परिषदको आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

(२) उपनियम (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन:

क) संघीय सरकार प्रदेश सरकार र नरपालिकाबाट प्राप्त रकम,

ख) कुनै व्यक्ति वा संघ संस्थाबाट सहयोग स्वरुप प्राप्त रकम,

ग) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ संस्था वा व्यक्तिबाट प्राप्त रकम,

घ) युवा सम्बन्धी संघ संस्थालाई आवद्धता प्रदान गर्दा वा नविकरण गर्दा प्राप्त रकम,

ङ) परिषदले आन्तरिक स्रोत परिचालन बाट आर्जित रकम,

च) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपनियम (२) को खण्ड ( ग) बमोजिमको रकम प्राप्त गर्नु अघि परिषदले नगरपालिका तथा नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(४) परिषदको नामबाट गरिने सबै खर्चहरु उपनियम(१) बमोजिमको बाट व्यहोरिने छ

(५) परिषदको कोषमा रहने सम्पूर्ण रकम परिषदले तोकेको कुनै वाणिज्य बैकमा परिषद खाता खोली उपाध्यक्ष र सदस्य सचिबको संयुक्त दस्तखतबाट संचालन गरिनेछ । तर,यस दफा बमोजिमको सबै व्यवस्था नहुन्जेलसम्म नगरपालिकाको अन्य खर्च खाता स नगरपालिकाको कार्यालयबाट परिषदको खाता संचालन हुनेछ ।

(६) परिषदको कोषको व्यवस्थापन र सञ्चालन सम्बन्धमा अन्य कुराहरु तोकिए बमोजिम हुनेछ ।

२४. लेखा र लेखा परिक्षण: (१) समितिले आफ्नो आय व्ययको लेखा र लेखा परिक्षण नगरपालिकाले अपनाएको लेखा प्रणाली पर्नेछ ।

(२) नगरपालिकाले परिषदको आय व्ययको लेखा सम्बन्धी कागजात र अन्य नगदी जिन्सी जुनसुकै बखत निरिक्षण गर्न गराउन सक्नेछ ।

(३) ~~आन्तिक~~ आन्तरिक लेखा परिक्षण : परिषदको आय व्यको लेखाको आन्तरिक लेखा परिक्षण नगरपालिकाको आन्तरिक लेखा परिक्षण शाखाले समय समयमा वा चौवासिक रुपमा गर्ने छ

हरेन्द्र कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

(४) अन्तिम लेखा परिक्षण महालेखा बाट गराउनु पर्ने छ

(५) लेखा वा आर्थिक प्रक्रियामा कुनै संशोधन गर्नु परेमा नगर कार्यपालिका बाट संशोधन स्वीकृत भएबमोजिम गर्नु पर्ने छ

हरेन्द्र कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद-९
## विविध

२५. भाग लिन नहुने: परिषदको कुनै सदस्य पदाधिकारीले वा परिषदको ठेक्का पट्टा लिन वा आफ्नो निजी स्वार्थ भएको कुनै काम कुरामा भाग लिन हुँदैन ।

२६. उपसमिति वा कार्यदल गठन गर्न सक्नेः(१ परिषदले यो कार्यविधि बमोजिम आफुले गर्नु पर्ने कार्य सम्पादन गर्नको निमित्त आवश्यकता अनुसार उपसमिति वा कार्यदल गठन गर्नछ सक्ने।

(२) उपनियम (१) बमोजिम गठित उपसमिति वा कार्य दलको कार्यकाल तथा काम, कर्तव्य र अधिकार सो उपसमिति वा कार्यदल गठन गर्दाका बखत परिषद वा कार्यकारी समितिले तोक बमोजिम हुनेछ ।

२७. बार्षिक प्रतिवेदनः(१ परिषदले आफुले वर्षभरी गरेको कामको वार्षिक आर्थिक प्रतिवेदन वर्ष समाप्त भएको तीन महिना भित्र नगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त परिषद र युवाक्लवहरु वर्षभरीमा सम्पादन गरेका कामहरु र तिनको उपलब्धी, त्यस्ता कामको लागि गरेको खच परिषदको कोषको तथा स्रोतधनकोसा अवस्था, परिषदबाट भएका अन्य काम कारवाही तथा युवाको क्षेत्रमा देखिएका समस्या र सो को समाधानका समेतको उपाय विवरण उल्लेख गर्नु पर्नेछ ।

२८. निर्देशन दिन सक्नेः(१ नगरपालिकाले परिषदको काम कारवाही तथा सुधारको विषयमा आवश्यक निर्देशन, समन्वय र सहजीकरण गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम दिइएकोराय सुझाव तथा निर्देशनको पालना गर्नु परिषदको कर्तव्य हुनेछ ।

२९. अधिकार प्रत्यायोजनः(१) परिषदले यो कार्यविधि बमोजिम आफूलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकता अनुसार केही अधिकार कार्यकारी समिति, अध्यक्ष वा उपाध्यक्षलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) कार्यकारी समितिले यो कार्यविधि बमोजि आफूलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकता अनुसार केही अधिकार समितिको अध्यक्ष, कुनै सदस्य, - सचिवदस्य वा परिषदको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ । तर उत्तरदायित्व निजको रहने छ ।

३०. शपथ ग्रहण गर्नु : पर्नेपरिषद र कार्यकारी समितिका पद सदस्य बाहेकका अन्य सदस्यले कार्यभार सम्हाल्नु अघि परिषदको अध्यक्ष समक्ष अनुसूची ३ बमोजिमको शपथ लिनु पर्नेछ ।

३१. सहयोग गर्नु पर्ने : परिषदको काम कारवाहीको सम्बन्धमा आवश्यक सहयोग गर्नु नगरपालिका र मातहतका निकाय सबैको कर्तव्य हुनेछ ।

३२. परिषद विघटनः (१) परिषदले यस कार्यविधिको उद्देश्य बमोजिम काम गर्न नसकेमा नगरपालिकाले जुनसुकै बखत परिषद वा कार्यकारी इसमिति विघटन गर्न सक्नेछ ।

२९. सर्म्पक राख्नेः परिषदले संघीय सरकार र प्रदेश सरकार सँग सम्पर्क र समन्वय गर्नु नगरपालिका मार्फत राख्नु पर्नेछ ।

हरेन्द्र कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

३०. विनियम बनाउने अधिकार : (१) यो कार्यविधिको अधिनमा रही परिषदले आवश्यक विनियम वा निर्देशिका बनाइ स्वीकृतिका लागि नगरपालिकामा पेश गर्नसक्नेछ ।

२) उपनियम (१) बमोजिम आर्थिक व्यवभार पर्ने विषयमा विनियम वा निर्देशिका बनाउँदा परिषदले कार्यपालिकाको स्वीकृति लिनु पर्नेछ ।

३१. कार्यविधिको व्याख्यायो : कार्यबिधि कार्यन्वयनको सिलसिलामा कुनै द्विविधा वा विवाद भएमा कार्यपालिकाको बैठकबाट निर्णय भए बमोजिम हुनेछ ।

हरेन्द्र कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-१

(नियम १३ को उपनियम( २) सँग सम्बन्धित)

युवा क्लब तथा संघ संस्थाहरुले आवद्धताका लागि निवेदनको ढाँचा

मितिः.......................

श्री नगर युवा परिषद
खडक नगरपालिका ।

विषयः आबद्ध हुन पाऊँ।

खडक नगरपालिकाको नगरयुवा परिषद कार्यबिधि २०८२ बमोजिम परिषदसँग बद्धआ हुन चाहेकाले देहायको विवरण खुलाई आवश्यक कागजात संलग्न गरी आवद्धताका लागि यो निवेदन पेश गरेको छु। परिषद सँग आवद्धता भए वापत पालन गर्नुपर्ने शर्तको पालना गर्न मञ्जुर

१. संघ वा संस्थाको नामः

२.संघ वा संस्थाको ठेगानाः.............नगरपालिका/ गाउँपालिका वडा .........जिल्लां. ...........

(ग) फोन नम्बर ................ (घ) फ्याक्स नं. ..............................

ङ) ईमेलः ................................. ........ च) वेभसाईट :
...................................

४. संघ वा संस्थाको नविकरण बहाल रहने अवधिः

५. संघ वा संस्थाका मुख्य पदाधिकारीको नाम, ठेगाना सम्पर्कःर

क)

ख)

ग)

घ)

ङ)

६. संलग्नगर्नु पर्नेकागजातहरुः

क) संघ वा संस्था दर्ताको प्रमाणपत्रः

ख) निवेदक संघ वा संस्थाको विधानको प्रतिलिपिः

ग) पछिल्लो आर्थिक वर्षको लेखापरिक्षण प्रतिवेदन :

निवेदककोःनाम,थरः
ठेगानाः

दस्तखतः
पदः

संघ वा संस्थाको नामः
ठेगानाः
संस्थाको छापः

हरेन्द्र कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची २

(नियम १३ को उपनियम( ४) सँग सम्बन्धित)

## परिषदमा आबद्धताको प्रमाणपत्र

श्री.......................................ले मिति..........................मा यस परिषद मा आब्द्ध हुन पाऊँ भनी दिएको निवेदन उपर कारवाही हुँदा परिषद मिति ............... को निर्णयानुसार त्यसुवा क्लब / संघ वा संस्थालाई नगर युवा परिषद कार्यविधि,२०७६ को नियम १३ को उपनियम(४) बमोजिम नगर युवा परिषदमा आवद्ध गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

१. आवद्धता नम्बरः मिति

२.आवद्धता कायम रहने अवधिः

प्रमाण-पत्र जारी गर्ने अधिकारीको

नाम,थरः-

पदः-

मितिः-

समितिको छापः-

यस पानाको पछाडी नविकरण सम्बन्धी विवरण रहने

| सि.न. | नविकरण मिति | नविकरण बहाल रहने मिति | नविकरण शुल्क र रसिद न | नविकरण गन कर्मचारीको दस्तखत | प्रमाणित गन अधिकृतको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

हरेन्द्र कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची ३
(नियम २६ सँग सम्बन्धित)
शपथ

म ....................................(नाम) मूलुक जनताप्रतिर वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु/देश जनताका नाममा शपथ लिन्छु कि खडक नगरपालिका नगर युवा परिष्दको.............. पदको हैसियतले मलाई तोकिएको काम मैले जान बुझे सम्म कर्तव्य सम्झीमा जप्रति देश तथा बफादार रही, भय, पक्षपात द्वेष नराखी, लोभ, लालच, मोलाहिजा नगरी इमान्दारी पूर्वक प्रचलित कानूनको अधिनमा रही पालना गर्नेछु अन्ोफ कर्तव्य पालनाको सिलसिलाम्रा आफुलाई जानकारी भएको कुनै गोप्य कुरा प्रचलित कानूनको पालन गर्दा बाहेक म पदमा बहाल रहँदा वा न जुनसुकै अवस्थामा पनि कुनै किसिमबाट प्रकट वा संकेत गर्ने छैन

शपथ ग्रहण गर्नेको:
नाम:
दस्तखत:
मिति:
पद:

शपथ ग्रहण गरेको प्रमाणित गर्नेको:
नाम:
दस्तखत:
मिति:
पद :

.....................
हरेन्द्र कुमार श्रेष्ठ
प्रमुख प्रशासकिय अधिकृत

हरेन्द्र कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत